# कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सगोचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३ (प्रशासन तथा योजना शाखा)
चलानी नं.: ३६

९८५७८४४८०१
टोल फ्रि नं.: १८१०५०००२०५

## <u>उपभोक्ता समिति गठन सम्बन्धी अत्यन्त जरुरी सूचना।</u>
## <u>(प्रकाशन मिति २०८२/०७/२८)</u>

प्रस्तुत सम्बन्धमा कुमाख गाउँपालिकाको १८ औं गाउँ सभाबाट आ.व.२०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार उपभोक्ता समिति मार्फत संचालन/कार्यान्वयन गर्नुपर्ने आयोजनाहरु "कुमाख गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५" बमोजिम ७ वटै वडा कार्यालयहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२/०८/१२ गते) भित्र तोकिएको बजेट सिमा भित्रका <u>सडक निर्माणका योजना बाहेक १० लाख बजेट भन्दा कम लागतका आयोजनाहरुको</u> कार्यान्वयनका लागि उपभोक्ता समिती गठन गरी गठित समितिहरुको विवरण **<u>ऐ. कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा</u>** गाउँपालिकामा पठाउनुहुन समेत अनुरोध छ। साथै उल्लेखित समय सिमाभित्र उपभोक्ता समिति गठन नभई यस पश्चात संचालन हुने उ.स.का पदाधिकारीहरु (अध्यक्ष, कोषाध्यक्ष र सचिव) लाई हुने क्षमता विकास/अभिमुखीकरण तालिममा पदाधिकारीहरु छुट्न गई योजनाको प्रभावकारी कार्यान्वयनमा समेत समस्या हुन सक्ने र तपसिलमा उल्लेखित <u>तोकिएका शर्त र मापदण्ड</u> बमोजिम उ. स. गठन नभई समयमै योजना कार्यान्वयन नहुने अवस्था सिर्जना भएमा सम्बन्धित वडा कार्यालयहरु नै जिम्मेवार हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गरिन्छ। साथै उ.स. गठन सम्बन्धी माइन्युटको नमुना समेत सहजताको लागि यसै साथ संलग्न छ।

..........................
(दिलिप कुमार सोनी)
प्रमुख प्रशासकीय अधिकृत

<u>तपसिल:</u>

<u>उपभोक्ता समिती गठन पूर्व ध्यान दिनुपर्ने शर्त र मापदण्डहरु :-</u>

१. वडा कार्यालयले आमभेला हुने मिति, समय र स्थान खुलाई ७ दिन अगावै सूचना प्रकाशन र टाँस गरी जानकारी गराउने।

२. उ. स. गठन आयोजना स्थलमा भेला भई गर्नुपर्नेछ र उक्त भेलाको फोटो अनिवार्य सुरक्षित गर्नुपर्नेछ।

३. समावेशी सिद्वान्तको अवलम्बन गरी गठित समितिहरुको पदमा कम्तिमा ३३% महिला सहभागिता हुनुपर्नेछ। उपभोक्ता समितिको अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा एक पदमा अनिवार्य महिला पदाधिकारी हुनुपर्नेछ।

४. एउटै व्यक्ति एक भन्दा बढी उ. स. को सदस्य हुन पाइने छैन र एकाघर सगोलका व्यक्तिहरुबाट एउटै उ.स.मा बस्न पाइने छैन।

५. उपभोक्ता समितिमा प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको भेलाबाट कम्तिमा ५ देखि बढीमा ११ जना सम्मको उ.स.गठन गर्नुपर्नेछ। विद्यालय/संघ/संस्था बाहेकको हकमा खाता संचालनको लागि अनिवार्य ३ जना व्यक्तिहरुको नाममा खाता संचालन हुनुपर्नेछ।



CamScanner

पत्र संख्या : २०८२/०८३ (प्रशासन तथा योजना शाखा)
चलानी नं. :
९८५७८४४८०१
टोल फ्रि नं. : १८१०५०००२०५

६. वडास्तरीय आयोजना संचालनको लागि सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको प्रतिनिधि र गाउँपालिकास्तरीय आयोजना संचालनको लागि वडाध्यक्ष वा कार्यपालिका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ।

७. उक्त आम भेलाबाट कम्तिमा एक जना महिला सहित ३ सदस्यीय "स्थानीय अनुगमन तथा सहजीकरण समिति" को समेत अनिवार्य गठन गर्नुपर्नेछ।

८. उ. स. गठन तथा योजना सम्झौता नगरी काम गरेको पाईएमा भुक्तानीका लागि गाउँपालिकाको कार्यालय जवाफदेही हुने छैन।

९. उपभोक्ता समिति गठन गर्दा सडक निर्माण सम्बन्धी योजना बाहेकका आयोजनाहरुको मात्र गर्नुपर्नेछ।

**१०. उपभोक्ता समितिका सदस्यहरुको योग्यता :-**

- राजनैतिक दलका पदाधिकारी/जनप्रतिनिधि, वहालवाला शिक्षक तथा कर्मचारीहरु उ.स.मा बस्न नपाइने,
- सरकारी बाँकी वक्यौता/बेरुजु वा पेश्की फछ्यौंट गर्न बाँकी नरहेका व्यक्तिहरु,
- १८ वर्ष पुरा भएको,
- एक भन्दा बढी अन्य उपभोक्ता समितिमा सदस्य नरहेको,
- सम्बन्धित आयोजना स्थलको स्थायी बासिन्दा हुनुपर्ने।

<u>नोट :</u> मुख्यमन्त्री रोजगार कार्यक्रम बाहेकका १० लाख भन्दा कम लागत रकमका योजनाहरु मात्र उपभोक्ता समिति मार्फत संचालन गरिनेछ।

**<u>बोधार्थ:</u>**
श्री प्रशासन शाखा : कार्यालयको वेबसाइट, Facebook page र सबै वडा कार्यालयलाई इमेल मार्फत जानकारी गराईदिनुहुन।

(दिलिप कुमार सोनी)
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

(नमूना माइन्युट खाका)

(उ.स.गठन सम्बन्धी आमभेलाको बैठकबाट गर्ने निर्णय)

**(क) उ.स. गठन गर्दाको भेलामा माइन्युट तयार गर्ने तरिका:-**

आज मिति............का दिन कुमाख गाउँपालिका वडा नं ..............का वडा अध्यक्ष/वडाका जनप्रतिनिधि श्री........ज्यूको अध्यक्षता र तपसिल बमोजिमका लाभग्राही/व्यक्तिहरुको उपस्थितिमा आमभेला/बैठक बसी निम्न निर्णयहरु गरियो ।

उपस्थिति :

१. ............

२. ..................

३. ......................

(उपभोक्ताहरु सबैलाई समेट्ने गरी भेलाको उपस्थिति उठाउने)

**प्रस्ताव तथा निर्णयहरु :**

**प्रस्तावहरु :-**

१. उपभोक्ता समिति गठन सम्बन्धमा ।

२. अनुगमन तथा सहजीकरण समिति गठन सम्बन्धमा ।

३. उपभोक्ता समिति/संस्था लाई अधिकार दिने सम्बन्धमा ।

**निर्णयहरु:-**

**निर्णय नं १ :-**

चालु आ.व.२०८२/०८३ मा माथि उल्लेखित लाभग्राही/व्यक्तिहरुहरुको भेलाले कुमाख गाउँपालिका वडा नं...........मा ...........शिर्षकमा (वडास्तरीय/पालिकास्तरीय) विनियोजित बजेट रु. .................र जनसहभागिता रु. ............समेत बाट निर्माण/मर्मत योजना संचालनको लागि.................संस्था/समितिका पदाधिकारीहरु मार्फत नै योजना संचालन गर्न तपसिल बमोजिम उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

१. .................... - अध्यक्ष,

२. ....................... - कोषाध्यक्ष

३. ........................ - सचिव

(अध्यक्ष, कोषाध्यक्ष, सचिव, सदस्यहरु सहित कम्तिमा ५ देखि बढीमा ७ जनाको समिति गठन गर्ने)

(कम्तीमा ३३% महिला अनिवार्य)

**निर्णय नं २ :-** माथि गठित उपभोक्ता समितिबाट............योजना संचालन गर्दा तोकिएको लागत परिमाण, गुणस्तर र समय (QQCT)मा सम्पन्न गराउन, उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको प्रभावकारिता बढाउने गरी अनुगमन गर्न (निर्माण कार्यको नियमित अनुगमन गरी निर्माण उपभोक्ता समितिलाई राय सुझाब दिन, निर्माण कार्यमा भैरहेको खर्चको नियमित रेखदेख गर्न, कार्यसम्पन्न पश्चात हुने आम्दानी तथा खर्च सार्वजनिकीकरण) कार्यमा सहयोग पुर्याउने कार्यका लागि तपसिल बमोजिमको संयोजक सहित ३ सदस्यीय अनुगमन तथा सहजीकरण समिति गठन गरियो।

तपसिल:

| क्र.सं. | पद | नाम थर | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| १. | संयोजक | | | |
| २. | सदस्य | | | |
| ३. | सदस्य | | | |

(कम्तीमा १ महिला अनिवार्य प्रतिनिधित्व हुनैपर्ने )

**निर्णय नं ३:-**

योजना सम्झौता अनुसार योजना संचालन/कार्यान्वयनको लागि ...........समिति/संस्थालाई नै अधिकार दिने निर्णय गरियो ।

(दिपेन्द्र कुमार सोनी)
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(भेला बाट समिति गठन पश्चात उ.स.बैठकको निर्णय)

**(ख) भेला बाट उ.स.गठन भएपछि तथा योजना सम्झौता गर्नुअघि माइन्युट तयार गर्ने तरिकाः**

आज मिति....................मा ...................उपभोक्ता समितिका अध्यक्ष, श्री...........को अध्यक्षतामा निम्न सदस्यहरुको उपस्थितिमा बैठक बसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थितिः

१. ............

२. ..............

................

**प्रस्ताव तथा निर्णयहरुः**

प्रस्तावहरुः

१. सम्झौताको लागि अधिकार दिने सम्बन्धमा ।

२. बैंक खाता खोल्ने सम्बन्धमा ।

३. बैंक खाता संचालनको लागि सिफारिस माग गर्ने सम्बन्धमा ।

निर्णयहरुः

**निर्णय नं १ :-**

चालु आ.व. २०८२/०८३ मा कुमाख गाउँपालिकाबाट............योजनाको लागि रु. ............विनियोजित भएकाले सो योजना सम्पन्न गर्नको लागि मिति ............को भेलाबाट यो उपभोक्ता समिति गठन भएकोले उक्त.........................योजना सम्झौता गर्नको लागि.......................समिति/संस्थाका अध्यक्ष श्री ................, कोषाध्यक्ष श्री ............, सचिव श्री ..............लाई कुमाख गाउँपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो।

(सम्झौताको लागि साँक्षी १ जना अनिवार्य)

**निर्णय नं २ :-**

यस उपभोक्ता समितिको नाममा समिति/संस्थाका अध्यक्ष श्री........................., कोषाध्यक्ष श्री ...................., सचिव श्री.........................को संयुक्त दस्तखतबाट बैंक खाता संचालन संचालन हुने गरी श्री................ बैंकमा खाता खोल्ने र आर्थिक कारोबार समेत निजहरुबाट गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :-**

यस योजनाको नाममा बैंक खाता खोल्न श्री .................बैंकलाई सिफारिस गरिदिन कुमाख गाउँपालिकाको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो।

(दिलिप कुमार राना)
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची १

(कार्यविधिको दफा ४ (१) ट संग सम्बन्धित)

### उपभोक्ता समितिको लगत

### कुमाख गाउँपालिका

आ.व.

| क्र.स. | उपभोक्ता समितिको नाम र ठेगाना | पदाधिकारीको नाम र सम्पर्क नं. | | | | गठन मिति | बैंकको नाम | खाता नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | उपाध्यक्ष | सचिव | कोषाध्यक्ष | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत